# दिपायल सिलगढी नगरपालिका कार्यालय, सिलगढी

# डोटी




## आ. व. २०७७/०७८ को

# सामाजिक परीक्षण प्रतिवेदन

**तयार गर्ने**

रामहरी ओझा

कार्तिक, २०७८

## कार्यकारी सारांश

स्थानीय तहहरुले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सम्वन्धित स्थानीय निकायको सो आर्थिक वर्षको सामाजिक परीक्षण हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५)मा स्थानीय तहहरुले समाजिक परीक्षण गर्नु पर्ने प्रावधान छ । यसैअनुसार दिपायल सिलगढी नगरपालिकाले सामाजिक परीक्षण कार्यविधि, २०७५ को अधिनमा रही दिपायल सिलगढी नगरपालिकाको कार्यालय, डोटीको आर्थिक वर्ष २०७७/०७८ को सामाजिक परीक्षण गरिएको छ ।

सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा स्थानीय निकायसँग सम्वन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो । त्यस्तै नगरपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख लगायत सम्वन्धित कर्मचारी तथा सरोकारवालाहरूसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो । यसरी प्राप्त सूचना तथा जानकारीहरूको आधारमा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७५ को अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

नगरपालिकाको सामाजिक जिम्मेवारी सम्पादनतर्फ यस सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु यसप्रकार छन् :

- नगपालिकाले बार्षिक नीति तथा कार्यक्रम नियमित रुपमा तयार गर्नु, भौतिक पूर्वाधारलाई बिशेष प्राथमिकताका साथ अगाडि वढाउनु, बालश्रम निर्मुल गर्नका लागि बिशेष अभियान सञ्चालन गर्नु, बालविवाह, छाउपडि प्रथा जस्ता सामाजिक कुरीति र लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्ने प्रयास गर्नु, सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत भत्ता प्राप्त गर्नेहरुको सूची अद्यावधिक गर्दै उक्त भत्ता वितरणलाई सहज बनाइनु, तथ्याँको आधारमा हेर्दा खानेपानी तथा सरसफाईमा सुधार आउनु, स्वास्थ्य सेवाको पहुँचमा सुधार ल्याउन, भौतिक संरचनात्मक प्रयासहरु गर्नु, वजार व्यवस्थापन र सार्वजनिक शौचालय निर्माण गर्नु, भूमिहिन बादी समुदायलाई जग्गा उपलव्ध गराउनु, किशोरीहरुलाई आत्मरक्षा सम्वन्धी तालिम प्रदान गर्नु, खेल मैलान, पिकनिक स्पट र पर्यटन विकासलाई जोड दिनु, सहुलियत टिकटदरमा नगरबस जस्ता कुराहरुमा नगरपालिकाले गरेको कार्यलाई सवल पक्षका रुपमा लिन सकिन्छ ।

यस्तै उक्त समाजिक परीक्षणवाट देखिएका सुधार गर्नु पर्ने पक्षहरु यस प्रकार छन :

– नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटको तालमेल मिलाउन नसक्नु, करार जनशक्ति धेरै हुनु, कार्यालयमा भएको जनशक्तीको सही प्रयोग हुन नसक्नु, भौतिक पूर्वाधारका आयोजना

कार्यान्वयन गर्ने क्रममा वातावरणीय परीक्षण/प्रभाव मुल्याङकन नहुनु, आयोजनाहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्यांकन नहुनु, सञ्चालन गरिएका योजनामार्फत् दीगो विकासमा जोड दिन नसकिएको तथा आयोजनाहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार गर्न नसकिएको आदि यस सामाजिक परीक्षणबाट देखिएका सुधार गर्नु पर्ने पक्षहरु हुन ।

– यसैगरी यस नगरपालिकाले आगामी दिनमा सामाजिक जिम्मेवारी पुरा गर्न तपसिल बमोजिमका कदम चाल्न वा सुझाव प्रदान गरिएको छ ।

- नगरपालिकाको नीति तथा कार्यक्रम र बिनियोजित वजेटको सम्वन्ध मिलेको देखिदैन । नीति तथा कार्यक्रमले सामाजिक विकासलाई प्राथमिकतामा राखेको देखिन्छ तर वजेटले भौतिक पूर्वाधारलाई बढी केन्द्रित गरेको देखिन्छ ।
- वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसकेकोले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।
- नगरपालिकाले सेवाग्राहीको गुनासोको सुनुवाई तथा व्यवस्थापन हुनुपर्ने ।
- नगरपालिकाको अभिलेखीकरण र सूचना व्यवस्थापन कमजोर देखिन्छ । यसलाई सुधार गर्नु पर्ने देखिन्छ ।
- नगरभित्रको अव्यवस्थित बजारीकरण सुधारका लागि भएको प्रयास राम्रो छ, यसलाई नियमित गर्नु पर्ने देखिन्छ ।
- नगरपालिकाले सञ्चालन गरेको नगर बस सेवाले जनतालाई राम्रो सुविधा भएको छ, यसलाई थप प्रभावकारी वनाईनु पर्ने देखिन्छ ।
- केही कर्मचारीहरु कार्यालयमा र फाँटमा नवस्ने गरेको गुनासो आएको छ, त्यसैले नगरपालिकाको आन्तरिक प्रशासन चुस्त वनाउनु पर्ने देखिन्छ ।
- नगरपालिकाभित्र करार कर्मचारीहरुको संख्या धेरै देखिएको छ, त्यसमा पनि श्रेणीबिहिन कर्मचारीहरुको संख्या अधिक छ । त्यसैले नगरपालिकाले जनशक्ति व्यवस्थापन र परिचालनको बिषयमा ध्यान दिनु जरुरी देखिन्छ । नगरपालिकालाई आवश्यक पर्ने कर्मचारीको बिषय क्षेत्रगत संख्या पत्ता लगाउन जनशक्ति बिश्लेषण गर्नु पर्ने देखिन्छ ।
- योजना अनुगमन प्रभावकारी नभएको देखिएको छ । योजनाको अनुगमनलाई प्रभावकारी बनाईनु पर्ने देखिन्छ । साथै नगरभित्र रहेका अन्य सार्वजनिक निकायहरुको अनुगमनलाई पनि प्राथमिकता दिनु पर्ने देखिन्छ ।
- नगरपालिकाले भौतिक पूर्वाधारमा राम्रो प्रगति गरेको देखिन्छ, तर बित्तीय अनुशासन र आन्तरिक सुशासनमा कमजोर देखिन्छ । यसलाई सुधार गर्नु पर्ने देखिन्छ ।
- नगरपालिकाले सञ्चालन गरेको बिद्यालय गाभ्ने अभियान राम्रो देखिएको छ । यसलाई अझ निरन्तर गर्नु पर्ने देखिन्छ ।

- योजनाहरुको सार्वजनिक परीक्षण देखावटी मात्रै हुने गरेको गुनासो आएको छ, यसलाई बिश्वासिलो वनाउन जरुरी छ ।
- नगरपालिकाले सञ्चालन गर्ने भौतिक पूर्वाधारहरुका कामले असार मसान्तमा भिडभाड बढी हुने गरेको देखिन्छ, यसले गर्दा उपभोक्ताहरुले भुक्तानीका लागि पटक पटक धाईरहनु परेको गुनासो गरेका छन् । यसका लागि नगरपालिकाले कार्यक्रम कार्यान्वयन बार्षिक कार्यतालिम (Operation calander) बनाई लागु गर्नु पर्ने देखिन्छ ।
- नगरपालिकाले सञ्चालन गर्ने योजनाहरुलाई उत्पादनसंग जोडेर रोजगारी सिर्जना गर्नेतिर ध्यान दिनु पर्ने देखिन्छ ।
- नगरपालिकाले संस्थागत बिद्यालयको भौतिक पूर्वाधारको पनि अनुगमन गरि राष्ट्रिय मापदण्ड अनुसारको पूर्वाधार निर्माणका निर्देशन दिनु पर्ने देखिन्छ । सामुदायिक बिद्यालयका भौतिक पूर्वाधारहरुको पनि अनुगमन गर्नु पर्ने देखिन्छ ।
- नगरपालिकाले बिद्युतीय नागरिक बडापत्रको अभ्यास गरेको राम्रो छ, यसलाई वडातहमा पनि बिस्तार गर्दा राम्रो हुन्छ ।
- नगरपालिकाले टेण्डर वा उपभोक्ता समितिभन्दा बढी कोटेसनबाट योजनाहरुको कार्यान्वयन गर्ने अभ्यास गरेको देखिन्छ । बित्तीय सुशासनको दृष्टिले यो राम्रो मानिदैन ।
- नगरपालिकाको वेवसाईट नियमित अद्यावधिक हुने गरेको देखिदैन । नगरपालिकाले सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार स्वतः सार्वजनिक गर्नु पर्ने सूचनाहरु सार्वजनिक गर्ने गरेको पाईएन ।

## २. नगरपालिकाका प्राथमिकताका क्षेत्रहरु तथा लक्षहरू :

**२.१ सोच :** "नगरक्षेत्रमा स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन, पूर्वाधार बिकास, जडिबुटी, जलस्रोत र पर्यटकीय क्षेत्रको उचित ब्यबस्थापन एवं बिकास गरी समृद्ध नगर बनाउने ।"

### २.२ लक्ष

- सबै कृषि योग्य जमिनको उपयोग गर्ने, पशुपालनलाई ब्यबसायिक बनाउने,
- पर्यटकीय क्षेत्रको संरक्षण र ब्यबस्थापन गर्ने,
- समाबेशी बिकासमा जोड दिने,
- उद्यमशिलताको बिकास गर्ने
- भौतिक पूर्बाधारको बिकासमा स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरी गरिबी घटाउने ।

### २.३ उद्देश्य

- नगरलाई कोभिड-१९ महामारीबाट नियन्त्रित राखि जनजीवन सामान्य तर्फ फर्काउने
- कृषिमा लगानी गरी रोजगारी सृजना गर्ने
- गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको बिकास
- बालमैत्री, महिलामैत्री र समाबेशी नगरको बिकास
- पुर्णसरसफाई युक्त, बाताबरण मैत्री नगरपालिका निर्माण
- आन्तरिक पर्यटनलाई प्रबर्द्धन गर्ने कार्यमा जोड दिने ।

### २.४ अपेक्षित उपलब्धी

- नगरका मुख्य बजार क्षेत्रहरु आकर्षक र सुबिधायुक्त हुनेछन्
- सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी सडक सुबिधा पुग्नेछ
- बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयमा रहनेछन्,
- नगरमा एउटा हरियाली सहित समाबेशी पार्क निर्माण हुनेछ,
- धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण हुनेछ शैलेश्वरी मन्दिर परिसरको भगवतीको मुर्ति निर्माण सम्पन्न हुनेछ ।
- नगरमा रोजगारीको सृजना भई गरिबी घट्नेछ
- कोभिड १९ नियन्त्रणमा रहने छ र कृषि प्रणालीमा सुधार भई रोजगारी सृजना हुनेछ

### २.५ नगरपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका नीतिगत आधारहरु

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,

- संघीय सरकारले अंगिकार गरेको पन्ध्रौं आवधिक योजना (२०७६।०७७(२०८०।०८१ ले निर्धारण गरेको लक्ष्य नीति तथा प्रथमिकताहरु,
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- संघीय सरकार एवं प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु
- राजस्व परामर्श समितिको प्रतिवेदन,
- विगत वर्षहरुमा सम्पन्न भएका नगर परिषद एवं नगर सभाका बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिर्ग्दशन, २०७४ (परिमार्जित),
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा तोकिएका स्थानीय तहका अधिकारहरु
- नेपाल सरकारबाट आ.ब.२०७७।०७८ का लागि पारित नीतिहरु
- सु.प. प्रदेश सरकारबाट आ.ब.२०७७।०७८ को बिनियोजन बिधेयकको सिद्धान्त, उद्देश्य, प्रथमिकता र प्रमुख नीति
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।०२।२० पत्र अनुरुप को कोभिड १९ को परिदृष्यमा स्थानीय तहको बार्षिक बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने बिषयहरु
- नगरपीलकाको पार्श्व चित्र,
- नगरपालिकाको गुरुयोजना,
- संघीय र प्रदेश सरकारबाट समपुरक अनुदानको लागि आवश्यक पर्ने लागत साझेदारी रकम ।

## २.६ नगरपालिकाको प्राथमिकता क्षेत्र

**क) आर्थिक बिकास :**

- एक गाउं एक उत्पादनको कार्यक्रम
- एक गाउं एक प्राबिधिक
- एक वडा एक कृषि उत्पादन पकेट क्षेत्र
- बनलाई दालचीनी गुर्जो जस्ता जडिबुटिको पकेट बन

**ख) सामाजिक विकास :**

- लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरण :
- शिक्षा, स्वास्थ्य
- सामाजिक परिचालन
- युवा तथा खेलकुद, बालबालिका
- कला संस्कृति, जेष्ठ नागरिक, अपाङ्गता

अनुसूची-२

## सामाजिक परीक्षण कार्यशालामा सहभागिहरुको उपस्थिति

आज मिति २०७८ साल कार्तिक ... गतेका दिन दिपायल सिलगढी नगरपालिकाको आ.व. २०७७/०७८ को सामाजिक परीक्षण नगरप्रमुख श्री मञ्जु मलासी ज्यूको अध्यक्षतामा आयोजना भई निम्न बमोजिमको उपस्थिति सहित सम्पन्न गरियो।

उपस्थिति

| हस्ताक्षर | नाम थर | पद / कार्यालय / संस्था |
|---|---|---|
| | श्री मञ्जु मलासी | नगर प्रमुख, दि.सि.न.पा. |
| | श्री | |
| | श्री | |
| | श्री शिवराज खड्का | नगर उपप्रमुख, दि.सि.न.पा. |
| | श्री शंकर बहादुर विष्ट | प्रमुख जिल्ला अधिकारी, डोटी |
| | श्री खड्क बहादुर [illegible] | नेकपा एमाले |
| | श्री | नेपाली कांग्रेस |
| | श्री | नेकपा माओवादी केन्द्र |
| | विष्णु ब. बोगटी | नेकपा एकीकृत समाजवादी |
| | | जनता समाजवादी पार्टी |
| | | राष्ट्रिय जनमोर्चा |
| | | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| | | नेपाल कम्युनिष्ट पार्टी नेकपा |
| | श्री लाल बहादुर मल्ल | प्रहरी उपरीक्षक, डोटी |
| | श्री खेमराज गुरुङ | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री मदन भण्डारी | वडा अध्यक्ष |
| | श्री धर्म ब. साउद | ,, ५ |
| | श्री लक्ष्मी जोशी | का.पा.स |
| | श्री दीपा ऐर | ,, ,, ,, |
| | श्री हिरामाया मलासी | ,, ,, ,, |
| | सिता वि.क. | महिला अधिकार मञ्च |
| | श्री कमला विष्ट | का.पा.स |
| | श्री प्रदिप बस्याल | कार्यक्रम संयोजक, सिड नेपाल |
| | श्री एकराज भट्ट | वित्त तथा प्र. अधिकृत, सिड-नेपाल |
| | श्री सानुमाया लिम्बु (गुरुङ) | महिला तथा बालबालिका शाखा |
| | श्री निशा रोकाय | दि.सि.न.पा.को. |
| | श्री राम विष्ट | ,, ,, |

[illegible] श्री गोरख बहादुर [illegible] तालिका [illegible]

सत्यसुन्दर बोगामकारी अधिकृत दि.सि.न.पा.पर्य टेक्न डोटी

विष्णु बहादुर खत्री नायब सु. दि.सि.न.पा. डोटी

अनिल कुमार जोशी स्टे. संयोजक दि.सि.न.पा. डोटी

हिम्मत बहादुर साउद प्राथमिक स्वास्थ्य केन्द्र डोटी

संग्राम साउद नि.प्रा.स. कार्यालय डोटी

सन्तोष बोहरा वडा अध्यक्ष दि.सि.न.पा.

तेजराज भट्ट नि. प्र. दि.सि.न.पा. डोटी

शिव बहादुर मालसी सब-इन्जिनियर दि.सि.न.पा.

सोरुप सिंह सब-इन्जिनियर, दि.सि.न.पा.

जनक जोशी इन्जिनियर, दि.सि.न.पा., डोटी

रागेश मलासी सि.डी.ओ. दि.सि.न.पा. डोटी

सुनार कुमार साउद सब-इन्जिनियर, दि.सि.न.पा. (रोजगार)

योगेन्द्र व. खड्का दि.सि.न.पा. कार्यालय

काली साउद दि.सि.न.पा. ५ वडा सदस्य

सुरेश ब. साउद दि.सि.न.पा. ५ सामाजिक

टेक प्रसाद जोशी सह. ओ. ले. प. दि.सि.न.पा.

शालिग्राम खत्री दि. सि. न. पा. ६

राजु नेपाली साझेदारी संस्था - दि.सि.न.पा.

हरि सुन्दर खत्री ना.सु. दि.सि.न.पा. का. डोटी

शंकर बोगटी अधिकृत दि.सि.न.पा. का. डोटी

के राज भण्डारी रोजगार संयोजक शिखर नि.न. डोटी

रविन्द्र प्र. जोशी दि. सि. न. पा.

केशव चन्द रा. अ. डोटी।

रमेशचन्द्र जोशी सामाजिक विकास अधिकृत दि.सि.न.पा.

लोकेन्द्र ब. बोहरा ना.सु. दि.सि.न.पा. का.

जनार्दन प्रसाद भट्ट दि. सि. न. पा.

चाँदसिंह ऐर का. स.

नरेन्द्र बोगटी

Scanned with CamScanner

Scanned with CamScanner